



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २९ गते बिहीबार ❑ 13 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## प्रदेशमै सञ्चारमाध्यम दर्ता र नवीकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

गण्डकी प्रदेश सरकारले प्रदेशमै आम सञ्चारमाध्यमम दर्ता, नवीकरण र खारेजीको व्यवस्थाका लागि प्रेस रजिस्ट्रारको कार्यालय स्थापना गर्ने भएको छ।

संघीयताको मर्म र भावनाअनुसार प्रदेश सरकारले अघि बढाएको आमसञ्चार विधेयक पारितपछि प्रेस रजिस्ट्रारको नियुक्तिलगायतका कार्य अघि बढ्ने र सञ्चारमाध्यमले दर्ता, नवीकरणलगायतमा भोग्नुपरेका समस्या समाधान गरिने कानून, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले बताउनुभयो । नेपाल पत्रकार महासंघको आयोजना र महासंघ कास्की शाखाको समन्वयमा बुधबारदेखि पोखरामा सुरु भएको एकहप्ते आधारभूत पत्रकारिता तालिमको उद्घाटन कार्यक्रममा मन्त्री थापाले प्रदेशसभामा विचाराधीन रहेको




सञ्चार विधेयकलाई परिमार्जन गरी नमूना विधेयकका रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'आम सञ्चार विधेयक हाल विचाराधीन रहेको छ। पत्रकारिताको सबै क्षेत्रका साथीसँग बसेर छलफलबाट परिमार्जन गरी नमूना विधेयकका रूपमा ल्याउने प्रयास गर्नेछौँ । सञ्चार विधेयक समयानुकूल परिर्वतन गरेर पास गरेपछि प्रेस रजिस्ट्रारको कार्यालय पोखरामा रहने गरी स्थापना गरिने छ।' सो अवसरमा मन्त्री थापाले पत्रकार महासंघ कास्कीमा पुस्तकालय स्थापनाका लागि रु १५ लाख र महासंघप्रदेशका छजिल्ला शाखाको भवन निर्माणका लागि रु ६० लाख विनियोजन गरिएको जानकारी दिनुभयो । लोककल्याणकारी विज्ञापनलाई समेत प्रभावकारी ढङ्गबाट वितरण गर्ने गरी सञ्चार मन्त्रालय अगाडि बढेको उहाँले बताउनुभयो । आगामी माघ ४ गतेसम्म सञ्चालन हुने तालिममा छापा तथा विद्युतीय सञ्चारमाध्यमका ४० पत्रकार सहभागी रहेका बताइएको छ।

## अन्नपूर्ण गाउँपालिका कास्कीको एघारौं गाउँसभा तथा हिउदे अधिबेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

अन्नपूर्ण गाउँपालिका कास्कीको एघारौं गाउँसभा तथा हिउदे अधिबेशन बुधवार सम्पन्न भएको छ।

गाउँ सभामा चालू आर्थिक बर्ष २०७८/०७९ को बार्षिक खर्च सम्बन्धी छलफल भएको र गाउँसभामा अहिलेसम्म भएका कामहरुको समिक्षा तथा अब सम्पन्न गरिने कामहरुको बारेमा छलफल, बजेटरकमान्तर, बजेट विवरण हेरफेर लगायतका बारेमा समेत छलफल पश्चात विभिन्न निर्णय गरिएको छ । गाँउसभाले खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धि ऐन २०७८, जलश्रोत ऐन २०७८, विनियोजन बिधियक ऐन २०७८ को पहिलो संशोधन २०७८ सर्वसम्मत रुपमा पारित गरेको छ। विनियोजन बिधेयक ऐन २०७८ को पहिलो संशोधन २०७८ गाउँपालिकाका उपाध्यक्ष सगुन गुरुङले टेवल गर्नु भएको थियो भने समर्थन वडा नं. ५ का वडाध्यक्ष जिवनाथ पौडेलले गर्नु




भएको थियो । त्यस्तै खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी ऐन २०७८ कार्यपालिका सदस्य विमला सुनारले टेबल गर्नु भएको थियो भने समर्थन वडा नं. १ का वडाध्यक्ष भरतजंग कुवँरले गर्नु भएको थियो।

अर्को जलश्रोत ऐन २०७८ कार्यपालिका सदस्य गंगा कुवँरले प्रस्तुत गर्दा वडा नं. २ का वडाध्यक्ष चुडामणी अधिकारीले समर्थन गर्नुभएको थियो । हिउँदे अबिधेशन भएको हुदाँ कानुनका दफामा छलफल भई पारित गरिएको गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत शेषकान्त पौडेलले जानकारी गराउनु भयो।

गाउँपालिका अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा सम्पन्न गाउँ सभामा गाउँपालिका तथा वडा कार्यालयबाट सम्पन्न भएका तथा सम्पन्न हुन बाँकी कामहरुको बारेमा र बिभिन्न ३ वटा बिधेयकमा ११ वडाका वडा अध्यक्ष तथा वडा सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भएको थियो। बजेट कसरी कार्यान्वयन गर्ने तथा सम्पन्न कामहरु र गाँउपालिकाको गतिबिधी बारे सभामा प्रश्न उठाईएको थियो । उक्त सभामा उठाएका सम्पर्ण प्रश्नहरुको गाउँपालिका अध्यक्ष कुँवरले जबाफ दिनुभएको थियो। सभामा उठेका प्रश्नहरुको जवाफदिदै गाउँपालिका अध्यक्ष कुँवरले हालसम्म भएका कामहरु सन्तोषजनक तरिकाले सम्पन्न भएको बताउनु भयो । साथै उहाँले भन्नु भयो 'हामीले गरेका कामहरुमा कुनैपनि अबरोध र नकारात्मक टीका टिप्पणी नआएका कारण गाउँपालिकाले गरेका बिकास निर्माणका कामहरु उत्कृष्टतापूर्वक सम्पन्न भएका छन ।' बाँकी रहेका बिभिन्न क्षेत्रमा बिनियोजित गरिएको बजेट चाडै कार्यान्वयनमा आउने पनि उहाँले बताउनुभयो। अहिलेसम्मका कामहरुको सबै क्षेत्रबाट प्रशंसा भएकोले उत्कृष्टकाम गरेर देखाउन सभामा उपस्थित सभा सदस्यहरुलाई अध्यक्ष कुँवरले आग्रह समेत गर्नुभएको छ । उहाँले सभामा उपस्थित सबैजनालाई सामुहिक रुपमा बिकासका काममा सहयोग गर्न समेत आग्रह गर्नुभएको छ।

## एमाले कास्कीको अध्यक्षमा मनबहादुर

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

नेकपा एमाले कास्की अध्यक्षमा मनबहादुर गुरूङ निर्वाचित भएका छन्।

मंगलबार भएको निर्वाचनको नतिजा बुधबार बिहान आएको हो । गुरुङले ४९ मतले पछि पार्दै दामोदर बैरागीलाई पराजित गरे । गुरुङले ४ सय ५६ मत प्राप्त गरे भने बैरागीले ४ सय ७ मत प्राप्त गरे । उपाध्यक्षमा



तेजनारायण अधिकारीले ४ सय २१ मत प्राप्त गर्दै बिजयी भए। उपाध्यक्षमा प्रभा कोइरालाले ४ सय १३ मत प्राप्त गरीन् । त्यसै गरी सचिवमा बैनबहादुर अधिकारी ४ सय ७५ मत ल्याउदै विजयी बने ।सचिबमा विष्णु केसीले ३ सय ६४ मत प्राप्त गरे।

उपसचिवमा दर्शन लामाले ५ सय ४० र नवराज ओझाले ४ सय ४३ मत प्राप्त गदै विजयी बने । उप सचिबमा ईमानराज पौडेलले ३ सय ५५ र मन्बुजा विश्वकर्माले २ सय ३७ मत प्राप्त गरेका थिए।

## संक्रमण फैलिन नदिन प्रशासनको सक्रियता बढ्यो

**पोखरापत्र संवाददाता**
**वालिङ, २८ पुस**

कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि स्याङ्जामा पूर्वसतर्कताका लागि जिल्ला प्रशासन कार्यालयले सक्रियता बढाएको छ।

छिमेकी मुलुकसहित देशका विभिन्न भागमा सङ्क्रमणदर बढ्दै जाँदा त्यसको रोकथाम तथा नियन्त्रणको पूर्वतयारीका लागि प्रशासनले सक्रियता बढाएको हो । जिल्ला कोभिड व्यवस्थापन समिति तथा जिल्ला प्रशासन कार्यालयको बैठकले कोभिड-१९ को सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी स्वास्थ्यसम्बन्धी सुरक्षाका मापदण्ड अनिवार्यरूपमा पालना गराउने निर्णय गरेको छ । सार्वजनिक स्थलमा २५ जनाभन्दा बढी भेला हुन नपाउने, मेला महोत्सव आयोजना नगर्ने/नगराउने निर्णयलाई कार्यान्वयन गर्न अनुरोध गरिएको छ। प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलको अध्यक्षतामा मङ्गलबार बसेको बैठकले आगामी माघ ७ गतेदेखि लागू हुने गरी सार्वजनिक सेवा प्राप्त गर्दा तथा सार्वजनिक स्थानमा प्रवेश गर्दा कोभिड-१९ विरुद्धको खोप लगाएको कार्डलाई अनिवार्य हुनुपर्ने निर्णय गरेको छ। खोप कार्ड लिएर आएका सेवाग्राहीलाई मात्रै सेवा दिइने उल्लेख छ। कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि विगतमा सञ्चालनमा आएका आइसोलेसन सेन्टरलाई स्थानीय तह तथा सम्बन्धित सरोकारवालाको समन्वयमा तयारी अवस्थामा राख्ने, कोभिड-१९ को परीक्षणको दायरा बढाउन र नियमित खोप केन्द्रमा खोपलाई अभियानका रूपमा आगाडि बढाउन स्वास्थ्य कार्यालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो।

जिल्लाभित्रका अस्पताल तथा स्वास्थ्य संस्थामा आइसोलेसन सेन्टर तथा अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन सिलिन्डर, एम्बुलेन्सलाई तयारी अवस्थामा राख्न पनि सरोकारवालालाई अनुरोध गरिएको छ।


**कोभिडबाट सचेत र सतर्क रहौं**

**कोरोना संक्रमणको जोखिम कायमै छ । यसले कुनैपनि समय महामारीको रूप लिन सक्दछ ।**

**त्यसैले तत्काल कोरोना विरूद्धको खोप लिऔं, जमघट तथा भिडभाडमा जाँदा अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## तीन हजार ७५ मा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, २८ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार ७५ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । यो सङ्ख्या मङ्गलबार देखिएको नयाँ सङ्क्रमितभन्दा ६३१ ले बढी हो । उपत्यकाका तीन जिल्लामा बुधबार एक हजार ५३८ नयाँ सङ्क्रमित थपिएका छन् । काठमाडौंमा एक हजार १२८, ललितपुर २३६ र र भक्तपुरमा १३४ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ । नयाँ सङ्क्रमितमध्ये नौ हजार ५१ को पीसीआर र तीन हजार ९८५


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## आगामी निर्वाचनको तयारीमा लाग्नुस् : नेता श्रेष्ठ

**पोखरापत्र संवाददाता**
**वालिङ, २८ पुस**


नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठले आन्तरिक प्रतिस्पर्धालाई बिर्सेर आगामी निर्वाचनको तयारीमा लाग्न आग्रह गर्नुभएको छ।

कांग्रेस स्याङ्जा क्षेत्र नं २ ले वालिङमा आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्नुहुँदै नेता श्रेष्ठले पार्टीको १४औँ महाधिवेशनमा भएका आन्तरिक प्रतिस्पर्धालाई भुलेर आगामी निर्वाचनको तयारीमा लाग्न नेता कार्यकर्तालाई आग्रह गर्नुभयो।

'पार्टीको आन्तरिक निर्वाचनमा जेजे भयो भयो त्यो कुरा बिर्सेर अगाडि बढ्नुपर्छ', नेता श्रेष्ठले भन्नुभयो, 'अब पार्टीमा विजयी हुनेले उपविजेताको मतलाई पनि सम्मान गरेर सँगसँगै जानुपर्छ ।' पार्टीको आन्तरिक निर्वाचनका क्रममा भएका विषयलाई बिर्सेर आआफ्नो कमजोरी सुधार गर्दै विपक्षीसँग लड्नका लागि तयारी गर्नुपर्ने बेला भएकाले त्यतापट्टि ध्यान दिन उहाँले नेता कार्यकर्तालाई सुझाव दिनुभयो।

पार्टीको १४औँ महाधिवेशनबाट युवाको आकर्षण बढ्दै गएको उहाँले बताउनुभयो । पार्टीलाई कुनै कम्पनी जस्तो होइन सबै अट्ने र सबैको भावना समेटेर जानुपर्ने नेता श्रेष्ठले जोड दिनुभयो। कार्यकर्ता भेटघाट कार्यक्रममा कांग्रेस क्षेत्र नं २ का सभापति दिलीपप्रताप खाँणले नेपाली कांग्रेसको सङ्गठनलाई टोलटोलमा विस्तार गर्ने बताउनुभयो। उहाँले पार्टीमा विजेता उपविजेता सबै एकबद्ध भएर आगामी निर्वाचनमा कांग्रेसलाई विजयी बनाउने गरी लाग्ने प्रतिबद्धता जनाउनुभयो।

कांग्रेस जिल्ला सचिव गुरुप्रसाद भट्टराई, स्याङ्जा २ 'ख' का सभापति महेश भट्टराई, क्षेत्रीय सचिव फणिनारायण रेग्मी, कांग्रेस वालिङ नगर उपसभापति सीता थापालगायतले टोलदेखि केन्द्रसम्मका नेता कार्यकर्ता पार्टीको सङ्गठन विस्तारमा थप सशक्त भएर लाग्नुपर्नेमा जोड दिएका थिए।



# ग्लोबल नेभिगेसन स्याटलाइट सिष्टम विषयको वैज्ञानिक कार्यशाला

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

अन्तरीक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्र इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पस, पोखराको संयोजन तथा भौगोलिक सूचना विज्ञान अध्ययन केन्द्र टोक्यो विश्व विद्यालय, जापान एंव युनाइटेड नेशन अर्न्तगत ग्लोवल नेभिगेसन स्याटलाइट सिस्टम सम्बन्धी अन्तराष्ट्रिय समितिको सह-संयोजनमा पोखरामा ग्लोवल नेभिगेसन स्याटलाइट सिष्टम विषयको ४ दिने वैज्ञानिक कार्यशाला तथा तालिम मंगलबारदेखि सुरु भएको छ।

प्रमुख अतिथि गण्डकी प्रदेश निति तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले कार्यक्रमको उद्घाटन गर्दै नेपालको कृषि, यातायात, प्रविधि, पर्यटनका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने कार्यक्रमहरुको कार्यान्वयन र वैज्ञानिक क्षमता अभिवृद्धिका लागि राज्य स्तरबाट लगानी बढाई प्रोत्साहन गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । ग्लोवल




नेभिगेसन स्याटलाइट सिस्टम अन्तराष्ट्रिय समितिकी सदस्य सराफात ग्याडोनी र टोकीयो विश्व विद्यालयका प्रा.डा. दिनेश मानन्धरले आ-आफ्ना कार्यपत्र मार्फत अन्तरीक्ष सुचना पद्धति र जियोम्याटिक्स अध्ययन अनुसन्धानको माध्यमबाट विशिष्टी कृत कृषि प्रणाली, मत्स्य संकलन, दैवि प्रकोप नियन्त्रण तथा पूर्व सूचना एसएमएस पद्धति, दुरसञ्चार आदी क्षेत्रमा पुऱ्याउन सकिने योगदानहरुको बारेमा प्रकाश पारेका थिए । सो कार्यशालामा भर्चुअल माध्यमबाट अन्तराष्ट्रिय स्तरका वैज्ञानिकहरु चिनका वैज्ञानिक जिओचुन लु, भारतका वैज्ञानिक अखिलेश्वर रेड्डी, अमेरिकाका वैज्ञानिक जेफ और ज्याक तथा युरोपियन कमिशनका वैज्ञानिक डोमिनिक क्रेजले ग्लोवल नेभिगेशन स्याटलाइट सिस्टम अन्तर्गत आ-आफ्ना देशले संचालन गर्दै आएका पद्धतिहरु विउडो, नेभिक, जिपिएस तथा ग्यालेलियोको बारेमा प्रकाश पार्दै ति पद्धतिहरुले विभिन्न क्षेत्रमा पुऱ्याएको योगदानहरुको बारेमा चर्चा गर्नु भएको थियो ।

क्याम्पस प्रमुख निर्मलप्रसाद बरालले राज्य, विश्वविद्यालय र औधोगिक क्षेत्र बीचको सहकार्यबाट अनुसन्धानमुलक कार्यहरु राष्ट्रिय प्राथमिकताको आधारमा सम्पन्न गर्न सकिने बताए। पश्चिमाञ्चल क्याम्पसका सह-प्रा. डा. कृष्णराज अधिकारीले अनुसन्धानमुलक कार्यक्रमहरुलाई अगाडि बढाउँदै लैजानु पर्ने आवश्यकता रहेको वताए । उक्त वैज्ञानिक सम्मेलन तथा तालिम कार्यक्रमका संयोजक एंव अन्तरीक्ष विज्ञान तथा जियोम्याटिक्स अध्ययन केन्द्रका निर्देशक सह प्रा. डा. कृष्णप्रसाद भण्डारीले नेपालको सर्वत्तोमुखि विकासका लागि स्याटलाइट सिस्टम र जियोम्याटिक्स अध्ययन अनुसन्धानको महत्वमाथी प्रकाश पार्दै अध्ययन केन्द्रले कृषि, पर्यटन र पूर्वाधार विकास एंव पश्चिमाञ्चल क्याम्पसमा संचालन गर्दै आएको शैक्षिक क्रियाकलापहरुको वारेमा वताएका थिए ।

पश्चिमाञ्चल क्याम्पस जियोम्याटिक्स इन्जिनियरिङ विषयका विद्यार्थीद्धय दिपेश लामिछाने र आस्मा देवकोटाले संचालन गरेको उक्त कार्यक्रममा स्तात्तकोत्तर तहमा अध्ययनरत विधार्थीहरु, प्राध्यापकहरु, नापी कार्यालय पोखराका अधिकृतहरु लगायतका व्यक्तिहरुको उपस्थिति थियो ।

# एन प्याब्सन कास्कीको २४ औं स्थापना दिवस

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**



नेशनल प्याब्सन कास्कीले विविध कार्यक्रमको आयोजन गरी २४ औ स्थापना दिवस मनाएको छ।

आफ्नो स्थापना दिवसको अवसर पारेर शिक्षाविद्, विदाइ कर्मचारी तथा एन प्याब्सन कास्की अन्तर्गतका ४ विद्यालयललाई सम्मान गरेको एन प्याब्सन कास्कीका प्रथम उपाध्यक्ष शिवदत्त तिवारीले जानकारी दिए।

कार्यक्रममा कास्कीमा पहिलो संस्थागत विद्यालय स्थापना गरी शिक्षाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका शिक्षाविद् विकल शेरचनलाई दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो। त्यसैगरी एन प्याब्सन कास्कीमा विगत ८ वर्ष देखि निरन्तर कार्यलय सचिवको रुपमा काम गरेका कार्यालय सचिवलाई विदाईसगै सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

त्यस्तै एन प्याब्सनमा आवद्ध विद्यालय हिल साइड इङ्लीस स्कूल, होली माउण्ट इङ्लीस स्कूल, शान्ति बाटिका इङ्लीस स्कूल र इम्मानुएल स्कूललाई सम्मान गरिएको थियो । हिल साईडको संस्थापक प्रिन्सिपल लिला प्रसाद पराजुली, होली माउण्टका संस्थापक प्रिन्सिपल चोलाकान्त न्यौपने, शान्ति बाटिका संस्थापक प्रिन्सिपल पृत्तीराज अधिकारी, इम्मानुएलका संस्थापक प्रिन्सिपल एमवि कार्कीलाई सम्मान पत्र र दोसल्ला ओढाई सम्मान गरिएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि राष्ट्रिय परीक्षा वोर्ड परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेशका प्रमुख विष्णु नारयण श्रेष्ठ संस्थागत विद्यालयको योगदानलाई सम्मान गर्नुपर्ने बताए। 'तपाईहरु निश्पक्ष स्वच्छ इमान्दार र कर्तव्यनिष्ठ भएर विद्यालय सञ्चालन गर्नुहोस्' उनले भने,' तपाईहरुले सञ्चालन गरेको विद्यालय जे सुकै चुनौती आएपनि डगमगाउने छैन ।' पछिल्लो समय मान्छेले काम नपाउने र कामले मान्छे नपाउने स्थीति भएकोकोले अव गुणस्तरसँगै प्राविधिक शिक्षामा जोड दिनुपर्ने उल्लेख गरे। कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख नारायणप्रसाद सुवेदीले संस्थागत विद्यालयको पेशा र सेवा दुवै जोडिने भएकोले संस्थागत विद्यालयका सञ्चालकले लगानीको चिन्ता लिनु नपर्ने बताए । पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्य विकासका निम्ती हुने द्वन्द्वलाई नेगेटिभ रुपमा लिन नहुने प्रष्ट पारे।

कार्यक्रममा एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ज्ञानेन्द्र मोहन भट्टराई, गण्डकी प्रदेश अध्यक्ष तथा केन्द्रीय उपाध्यक्ष याम खड्का, केन्द्रीय सदस्य राम थापा, केन्द्रीय सदस्य रामबहादुर मोची, शिक्षाविद् विकल शेरचन, हिसान कास्कीका अध्यक्ष याम रोक्का प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेलले बोलेका थिए।

एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रथम उपाध्यक्ष केशवशरण पौडेलले स्वागत र सचिव मनकाजी गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए।

# महिला पर्यटन व्यवसायी मञ्च ओटेफको साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**




महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)को चौथो साधारण सभा सम्पन्न भएको छ।

गण्डकी प्रदेशका प्रदेशसभा सदस्य राजीव पहारीले कार्यक्रमको उद्घाटन गदै पर्यटन क्षेत्रमा महिलाको योगदान उल्लेखनीय रहेको तर मूल्यांकन हुन नसक्दा विभिन्न अवसरबाट बञ्चित हुनुपरेको बताउनुभयो। प्रकृतिले वरदान दिएको शहर पोखरामा पर्यटकको बसाइ लम्बाउन थप पर्यटकीय गतिविधि आवश्यक रहेको औल्याउँदै सांसद पहारीले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर सरकारले कार्यक्रम ल्याउनु पर्नेमा जोड दिनुभयो। पर्यटन प्रवर्द्धनका लागि निजामति कर्मचारीलाई दुई दिन विदा दिने नीति कार्यान्वयन गर्न पनि उहाँको आग्रह थियो । संघीयता आएपछि व्यवस्था बदलिएको तर जनताको अवस्थामा परिवर्तन आउन नसकेको बताउनुभयो । विकासमा ध्यान नदिएर जनताको करबाट सांसदको सेवा सुविधा बढाउनु उचित नभएको उहाँको भनाइ थियो । कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारीले कोभिडका कारण पर्यटन प्रवर्द्धनको बजेट कटौती भएको र सिमित बजेटले पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न चुनौती रहेको बताउनुभयो। उक्त वडाका वडा अध्यक्ष जगत पहारीले पर्यटकीय शहर पोखरामा महिला व्यवसायीले विभिन्न गतिविधि सहित पर्यटन प्रवर्द्धनको कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले पर्यटन विकासका लागि व्यवसायी र स्थानीय सरकारबीच समन्वय र सहकार्यको आवश्यता औल्याउनुभयो । नेपाल पर्यटनबोर्डका पूर्व सदस्य बासु त्रिपाठीले पर्यटनमा योजनागत नीतिको आवश्यकता औल्याउनुभयो।

पर्यटन क्षेत्रका लागि नीतिगत तहमा महिला व्यवसायीको खाँचौ औल्याउँदै पर्यटनका विविध विषयमा ओटेफले छलफल कार्यक्रम चलाउनुपर्ने बताउनुभयो। पोखरा पर्यटन परिषद्का सचिव तारानाथ पहारीले कृषि पछिको पर्यटन भनेपनि अझै प्राथमिकतामा पर्यटन पर्न नसेकेको बताउनु भयो । राज्यले कृषिमा जस्ते सस्तो र सुलभ व्याज दरमा पर्यटन व्यवसायीलाई कर्जा उपलब्ध गराउन सके पर्यटन क्षेत्रका व्यवसायी स्थापित हुन सहज हुने उहाँको भनाइ थियो । संस्थाका अध्यक्ष पार्वती पाण्डेले कोभिड १९ का कारण पर्यटन प्रर्वद्धनका कार्यक्रमहरु पूर्ण रुपमा गर्न नसकिएको जनाउँदै व्यवसायी महिलालाई स्वास्थ्य सचेतना, योग ध्यान, सदस्यको क्षमता दक्षता अभिवृद्धिसँगै सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई भने निरन्तरता दिएको बताउनुभयो।

कार्यक्रममा सामुदायिक सेवाकेन्द्रका अध्यक्ष मिना भटटराई, संस्थाका सल्लाहकार नर्मला कँडेल, संस्थापक अध्यक्ष जमुना पराजुली लगायतले आफ्नो भनाइ राख्नुभएको थियो । उक्त साधारण सभाको बन्द सत्रमा संस्थाका महासचिव ममता न्यौपाने वार्षिक प्रगाति प्रतिवेदन र कोषाध्यक्ष लक्ष्मि लामिछानेले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको संस्थाका उपाध्यक्ष उमा भण्डारीले जानकारी दिनुभयो।

## तीन हजार...

को एन्टीजेन विधिबाट परीक्षण गरिएको थियो।

पछिल्लो २४ घण्टामा १३ हजार ३६ को नमूना परीक्षण गरिएको थियो । नौ हजार ५१ ले पीसीआर र तीन हजार ९८५ ले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यो अवधिमा जम्मा परीक्षणमध्ये सङ्क्रमणदर २७ प्रतिशत छ । यही अवधिमा २७८ जना कोरोनाबाट निको भएका छन्। कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख १४ हजार ५७ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ११ हजार ६९० रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा २२ र आइसियुमा ८७ जना रहेका छन् । होम आइसोलेसनमा १० हजार ९१०, संस्थागत आइसोलेसनमा ८८० र संस्थागत क्वारेन्टिनमा ६९५ रहेका छन् । सरकारले खोप कार्यक्रम विस्तारमा लागेको मन्त्रालयका प्रवक्ता डा सङ्गीता मिश्राले बताउनुभयो। पुस मसान्तसम्म दुई तिहाइलाई खोप लगाउने लक्ष्य लिइएकामा बागमती र गण्डकी प्रदेशमा लक्ष्यअनुसार लगाइसकिएको उहाँले बताउनुभयो।

# 'टाइगर कप' भलिबल : पुलिस क्लब अपराजित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ पुस**

पोखरा रङ्गशालामा जारी दोस्रो संस्करणको 'टाइगर कप' आमन्त्रित खुला क्लब महिला तथा पुरुष भलिबल च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ नेपाल पुलिस क्लबले आफ्नो अपराजित यात्रालाई कायम राखेको छ।

टाइगर ग्रुप अफ पोखराको आयोजनामा यही पुस २६ गतेदेखि पोखरा रङ्गशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा सञ्चालन भएको प्रतियोगितामा बुधबार पुलिसले अर्को विभागीय टोली नेपाल एपिएफ क्लबलाई ३-१ को सेटमा पराजित गर्दे फाइनल प्रवेशको सम्भावना बलियो बनाएको छ।

पुलिसले एपिएफमाथि २५-२१, २३-२५, २५-२३ र २५-१९ अङ्कको जीत निकाल्न सफल भएको छ। जीतसँगै अपराजित रहेको पुलिसले तीन खेलबाट आठ अङ्क जोड्न सफल भयो भने एपिएफले लगातार तेस्रो खेलमा हार बेहोर्दै प्रतियोगिताबाट बाहिरिएको छ।

यसैगरी बुधबार सम्पन्न पुरुषतर्फको अर्को खेलमा टिप टप हेल्प नेपाल स्पोर्ट्स क्लबले विभागीय त्रिभुवन आर्मी क्लबमाथि ३-० को सोझो सेटमा विजयी हुँदै प्रतियोगितामा पहिलो जीत निकालेको छ। हेल्प नेपालले आर्मीलाई २५-१५, २५-२१ र २५-२२ अङ्कको सोझो सेटमा पराजित गरेको थियो।

महिलातर्फ विभागीय क्लब नेपाल एपिएफले प्रतियोगितामा उत्कृष्टरुपमा अघि बढेको होवाङ्न्जी न्यु डायमन्ड स्पोर्ट्स क्लबमाथि ३-२ को जीत दर्ता गरेको छ । एपिएफले २१-२५, २५-२१, १०-२५, २५-१२ र १५-८ अङ्कको जीत निकालेको हो। जीतसँगै एपिएफको दुई खेलबाट पाँच अङ्क छ भने न्यू डायमन्डले आफ्ना तीन खेलबाट सात अङ्क जोडेर शीर्ष स्थानमा कायम रहेको प्रतियोगिताका प्राविधिक संयोजक तहल सिंह थापामगरले जानकारी दिनुभयो। महिलातर्फको अर्को खेलमा नेपाल पुलिस क्लबले आयोजक टाइगर ग्रुप अफ पोखरालाई ३-० को सोझो सेटमा पराजित गरेको छ । पुलिसले टाइगरलाई २५-२०, २५-१७ र २५-२२ अङ्कले पराजित गरेको हो । माघ १ गतेसम्म राउण्ड रोविन लिगका आधारमा सञ्चालन भएको प्रतियोगितामा महिला र पुरुष गरी १० टिमको सहभागिता छ।

**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

**सर्म्पक:**
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । - नेपोलियन

## सम्पादकीय

# निर्वाचनको घोषणा गर

राजनीतिक दलहरुसँग परामर्श गर्न निर्वाचन आयोगले सर्वदलीय बैठक आह्वान गरेको छ । आयोगका प्रमुख आयुक्त दिनेश थपलीयाले दलहरुसँग छलफलका लागि शुक्रबार बैठक बोलाइएका छन् । 'स्थानीय तहको निर्वाचन लगायतका विषयमा छलफल गर्न बैठकमा बोलाइएको छ । बैकमा संघ र प्रदेशमा प्रतिनिधित्व गर्ने करिब १६ दललाई आयोगले निमन्त्रणा गरेको छ । निर्वाचन आयोगले आगामी माघ १२ हुन गइरहेको राष्ट्रिय सभा सदस्यको निर्वाचनका बारेमा दलहरुसँग छलफल गर्नेछ ।

अहिले मतदाता नामावली संकलनको काम भइरहेका विषयमा पनि सर्वदलीय बैठकमा आयोगले दलहरुलाई जानकारी दिने कार्यक्रम रहेको छ । त्यस्तै स्थानीय तहको निर्वानको मिति तय गर्ने विषयमा पनि छलफल हुनेछ । निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनका सम्बन्धमा गत पुस ९ गते नै प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर वैशाख १४ र २२ गते स्थानीय तहको चुनावका विषयमा प्रस्ताव गरेको थियो। तर, यस बारेमा सरकारले निर्णय गरिसकेको छैन । स्थानीय तहको निर्वाचन भएको बैशाखमा पाँच वर्ष पुरा हुन्छ । कार्यकाल सकिनु दुई महिना अगावै निर्वाचन हुनुपर्नेमा हो । सरकारले अझै मिति तय गर्न सकेको छैन ।

सरकारले निर्वाचनको मितिका बारेमा निर्णय गरेमा निर्वाचन आयोगले थप आवश्यक तयारी अघि बढाउने जानकारी गराइसकेको छ । पाँच दलीय गठबन्धनको सरकारमा निर्वाचनका विषयमा आवश्यक छलफल अहिलेसम्म हुन सकेको छैन । यसअघि २०७४ वैशाख र असार गरेर दुई चरणमा स्थानीय तहको निर्वाचन भएको थियो । संसदले एउटा पनि कानुनी बनाउन नसक्ने, सरकारको उपस्थिति धेरै ठाउँमा नहुने हो भने नयाँ जनादेशमा जानुपर्छ । जनादेशका लागि जनतामा जाने भन्ने बित्तिकै प्रतिगमन भन्ने सोचाइ आउनु राम्रो होइन ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : कार्यमा सफलता |
| वृष | : मन चञ्चल | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : शारीरिक झमेला | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाव | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# बागलुङ नगरपालिकाका सबै विद्यालय बन्द

पोखरापत्र संवाददाता
बागलुङ, २८ पुस

कोरोनाको तेस्रो भेरियन्ट (ओमिक्रोन) फैलिएको भन्दै बागलुङ नगरपालिकाले पुस २८ गतेदेखि माघ १५ गते सम्म नगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गर्ने निर्णय गरेको छ ।

बागलुङ नगरपालिकाका नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले मङ्गलबार एक सूचना जारी गर्दै नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयलाई बन्द गर्न अनुरोध गर्नुभएको हो । पोखरेलले पूर्व निर्धारित परीक्षा पूर्ण सुरक्षा मापदण्ड पालना गरेर सञ्चालन गर्न आग्रह गर्नुभएको छ ।

# हल्का वर्षा र हिमपातको सम्भावना

रासस
काठमाडौं, २८ पुस

पछिल्लो केही दिनयता पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले देशका अधिकांश स्थानमा बदली रही हल्का वर्षा र हिमपातसमेत भएको छ ।

यस प्रणालीको प्रभाव अझै केही दिन कायम रहने जल तथा मौसम विज्ञान विभागका मौसमविद् मञ्जु बासीले बताउनुभयो । "आगामी शुक्रबारदेखि अझै अर्को मौसमी प्रणालीसमेत विकसित हुने सम्भावना देखिएको छ", उहाँले भन्नुभयो । विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै प्रदेश नं १, प्रदेश नं २, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशका थोरै स्थानमा फाटफुटदेखि हल्का वर्षाको सम्भावना रहनुका साथै प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाएको छ ।

विभागले चिसोबाट बच्न र हिमपातबाट हुनसक्ने प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरेको छ । बिहीबार देशभर आंशिक बदली रही अपराह्न पछाडी प्रदेश नं १ र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाको पछिल्लो विवरणअनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव शून्य डिग्री र अधिकतम तापक्रम १८ दशमलव सात डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम माइन चार दशमलव तीन डिग्री सेल्सियस रहेको छ ।

# ओमिक्रोनको जोखिमपछि प्रवेशविन्दुमा कडाइ

पोखरापत्र संवाददाता
दमौली, २८ पुस

कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको जोखिम बढेपछि गण्डकी प्रदेशको प्रवेशविन्दु तनहुँको आँबुखैरेनीमा कडाइ गरिने भएको छ ।

गण्डकी प्रदेश सरकारले तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित पुलजीपमा स्थापना गरेको स्वास्थ्य प्रबर्द्धन तथा निगरानी केन्द्रलाई प्रभावकारी बनाउन आवश्यक कर्मचारीको व्यवस्थापन गर्न लागिएको हो । प्रदेश सरकारले उक्त केन्द्रमा आवश्यक कर्मचारी, स्वास्थ्य सामग्री प्रबन्ध गर्ने व्यवस्था मिलाउने र सार्वजनिकस्थलमा निःशुल्क एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउनेछ । निगरानी केन्द्रमा मुग्लिन पुल हुँदै गण्डकी प्रदेश प्रवेश गर्ने हरेक सवारी साधनको नम्बर दर्ता गरिने र स्वास्थ्यको मापदण्ड पालना गरे/नगरेको परीक्षण गरिने आँबुखैरेनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमप्रसाद उपाध्यायले जानकारी दिनुभयो । "सबै यात्रुलाई जनस्वास्थ्यको मापदण्ड पालना गर्न लगाइनेछ, केही समस्या भए तत्कालै समाधान पनि गरिनेछ", उहाँले भन्नुभयो, "यसका साथै स्वास्थ्य सम्बन्धी सचेतना प्रदान पनि गरिनेछ ।" परीक्षणबाट पोजेटिभ देखिएकालाई तत्काल संस्थागत आइसोलेसनमा राख्न व्यवस्था मिलाउने निर्णय भएको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलका प्रेस सल्लाहकार भरत कोइरालाले जानकारी दिनुभयो ।

प्रदेश सरकारले निगरानी केन्द्रको थप व्यवस्थापनका लागि तल्लो मर्स्याङ्दी जलविद्युत् कार्यालयको जग्गा प्रयोग गर्नका लागि नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारले गत असोजमा आँबुखैरेनीगाउँपालिका-४ पुलजीपमा निगरानी केन्द्र स्थापना गरेको थियो । तर कोरोना जोखिम न्यूनीकरण हुँदै गएपछि उक्त केन्द्र प्रभावकारी हुन सकेको थिएन । तर ओमिक्रोनको जोखिम बढेसँगै अब उक्त केन्द्रलाई सक्रिय बनाउने तयारी छ ।

# म्याग्दीको मङ्गलामा अस्पताल निर्माण गरिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २८ पुस

मङ्गला गाउँपालिका-५ हँडेभिरमा पालिकास्तरीय अस्पतालको भवन निर्माण थालिएको छ ।

सङ्घीय सरकारको सबै पालिकामा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने योजनानुसार मङ्गलाको केन्द्र बाबियाचौरसँगै रहेको हँडेभिरमा भवन निर्माण हुन लागेको हो ।

मङ्गला गाउँपालिकाका इञ्जीनियर सुजन पौडेलले १० शय्या क्षमताको अस्पतालका लागि एक हजार १२४ दशमलव ६४ वर्गमिटर क्षेत्रफलमा दुई भवन निर्माण थालिएको जानकारी दिनुभयो । "आकस्मिक, अन्तरङ्ग, बहिरङ्ग, प्रयोगशाला, प्रशासनिक, औषधि भण्डारण, उपचारका लागि छुट्टाछुट्टै कक्षसहितको भूकम्प प्रतिरोधी क्षमताको अ पाङ्गतामैत्री भवन बनाउन लागिएको हो", उहाँले भन्नुभयो, "आगामी २०८० असारसम्म भवन निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।" भवन निर्माणका लागि ओमबुद्ध इन्टरनेशनल कन्सट्रक्शन काठमाडौँसँग २०७८ असारमा रु नौ करोड ११ लाखमा ठेक्का सम्झौता गरिएको थियो । भवनको कूल रु १२ करोड ९७ लाखको लागत अनुमान गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत मनोहर ढुङ्गानाका अनुसार दुई भवनमा ३५ कोठा निर्माण गरिनेछन् । विसं २०७७ पुस १५ गते सो अस्पताल भवनको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले शिलान्यास गर्नुभएको थियो । अस्पतालका लागि अर्मन स्वास्थ्यचौकी परिसरमा तीन वर्षअघि आठ रोपनी जग्गा व्यवस्थापन गरिएको थियो । मङ्गलाका साथै म्याग्दीको अन्नपूर्ण र धवलागिरि गाउँपालिकाले पनि आधारभूत अस्पताल भवन निर्माण सुरु गरेका छन् । धवलागिरि गाउँपालिकाले ताकममा र अन्नपूर्ण गाउँपालिकाले वडा नं १ दोबामा अस्पताल निर्माण सुरु गरेका छन् । अस्पताल बनाउन सरकारले गत आवमा अन्नपूर्ण र धवलागिरि गाउँपालिकालाई रु ७०-७० लाख तथा रघुगङ्गा र मङ्गला गाउँपालिकालाई रु ८५-८५ लाख बजेट विनियोजन गरेको थियो ।

# म्याग्दीमा ५८ हजार बढीले लगाए कोभिडविरुद्धको पूर्ण खोप

पोखरापत्र संवाददाता
बेनी, २८ पुस

म्याग्दीमा कोभिड-१९ विरुद्धको पूर्ण खोप ५८ हजारभन्दा बढीले लगाएका छन् । गत वर्षको माघ १४ गतेदेखि जिल्लामा कोरोनाविरुद्धको खोप अभियान सञ्चालन भएको थियो ।

हालसम्म जिल्लामा ५८ हजार ३४३ जनाले कोरोनाको पहिलो र दोस्रो मात्राको पूर्ण खोप लगाएको स्वास्थ्य कार्यालयका प्रमुख एकनारायण लम्सालले जानकारी दिनुभयो । जोनसन एन्ड जोनसन (एकपटक मात्रै लगाए हुने) समेत गरी पहिलो मात्राको खोप ६८ हजार ६४३ जनाले लगाएका थिए ।

जिल्लामा १८ वर्षमाथिको लक्षित जनसङ्ख्याको ९४ प्रतिशतले पहिलो मात्रा र ८० प्रतिशतले पहिलो र दोस्रो दुवै गरी पूर्ण मात्राको खोप लगाएको उहाँले बताउनुभयो । पहिलो मात्रा लगाएर दोस्रो नलगाउने १४ प्रतिशत छन् । जिल्लामा १८ वर्षमाथिका लक्षित जनसङ्ख्या ७२ हजार ९७३ रहेकामा पहिलो मात्रा लगाएर दोस्रो नलगाउने र दुवै मात्रा नलगाउनेहरू समेत रहेकाले उनीहरूलाई तत्काल स्वास्थ्य संस्थाहरूको सम्पर्कमा आएर खोप लगाउने अनुरोध गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । यसैगरी १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकाहरूलाई समेत खोप अभियान सञ्चालन भएको छ । जिल्लामा हालसम्म ११ हजार २७८ जना बालबालिकाहरूलाई कोभिड-१९ विरुद्धको मोडर्ना खोपको पहिलो मात्रा लगाइएको स्वास्थ्य कार्यालय प्रमुख लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार, उक्त उमेर समूहका १२ हजार ५४७ जना लक्षित जनसङ्ख्या रहे पनि ९० प्रतिशतले पहिलो मात्रा खोप लगाएका छन् भने उनीहरूलाई आगामी माघ दोस्रो साता दोस्रो मात्राको खोप लगाउने तयारी गरिएको छ ।

उहाँले जिल्लामा खोप पर्याप्त रहेकाले छुटेका लक्षित समूहका नागरिकहरूलाई खोपको पहुँचमा ल्याउन स्थानीय तहहरूले पहल गर्नुपर्ने बताउनुभयो । १८ वर्ष माथिका लक्षित जनसङ्ख्यामध्ये अन्नपूर्णका गाउँपालिकामा ९५, रघुगङ्गामा ६०, धवलागिरिमा ७७, मालिकामा ७६, मङ्गलामा ७५ र बेनी नगरपालिकामा ८७ प्रतिशतले पहिलो र दोस्रो मात्राको खोप लगाएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# स्वार्थ बाझिएपछि बाहिर आउँछन् भ्रष्टाचारका घटना

पोखरापत्र संवाददाता
बागलुङ, २८ पुस

आपसी मिलेमतोमै नेपालमा धेरै भ्रष्टाचार हुँदै आएको छ । नेपाल भ्रष्टाचार हुने देशमध्ये अग्रस्थानमा समेत छ । बागलुङ जिल्लाका सरोकारवालाले आपसी सम्बन्धमा दरार भएपछि र आफ्नो स्वार्थ पूरा नभएपछि मात्रै उजुरी गर्ने गरेको बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पछिल्लो तथ्याङ्कलाई हेर्ने हो भने अख्तियारमा परेका उजुरीमध्ये सीमित उजुरी मात्रै मुद्दामा रुपान्तर भएर अदालतमा जाने देखाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोरकुमार सिलवालले बताउनुभयो । 'व्यक्तिगत रिसिइबी, बढुवा हुन थालेकालाई अख्तियारमा उजुरी दिनेको क्रमसमेत बढिरहेको छ, भ्रष्टाचार सानो ठूलो हुँदैन सानो गरे पनि भ्रष्टाचार हो ठूलो गरे पनि भ्रष्टाचार हो हामीले समानरुपमा अध्ययन तथा अनुसन्धान गर्छौं', आयुक्त सिलवालले भन्नुभयो, 'कतिपय उजुरीमा आफ्नो स्वार्थ पूरा नभएको, कमिसन नपाएको जस्ता रिसका कारण भ्रष्टाचारको उजुरी अख्तियारमा आउने गरेकोसमेत अध्ययनका क्रममा देखिएको छ, तीमध्ये उपभोक्ता समितिमार्फत काम गरेका धेरै विकास निर्माणमा समस्या देखिएको छ ।' उहाँले नेपालमा कुनै भ्रष्टाचारीले उन्मुक्ति नपाउने बताउनुभयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग पोखराले मङ्गलबार बागलुङमा आयोजना गरेको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रिया कार्यक्रममा अख्तियार कार्यालय पोखराका प्रमुख कोषहरी निरौलाले हाल नेपालमा २२ हजार ६२५ उजुरी परेकोमा १४ हजार उजुरी फर्छ्योट भइसकेको बताउँदै जम्मा १४१ उजुरी मात्रै अदालतमा पुगेको तथ्याङ्क राख्नुभएको थियो ।

उक्त तथ्याङ्कले कतिपय अवस्थामा मन नमिलेका कारण भ्रष्टाचारी करार गर्न थालिएको जस्तो देखिने निरौलाको तर्क रहेको छ । उहाँका अनुसार कतिपय उजुरी दुःख दिने नियतले समेत हाल्ने गरेको अनुसन्धानका क्रममा पाइएको छ । 'हामीले कस्तोखाले उजुरी हो त्यो अनुसन्धानपछि मात्रै पत्ता लगाउँछ, केही मुद्दामा साँच्चिकै भ्रष्टाचार भएर दोषी करारसमेत भएको छ भने केही उजुरी अर्कालाई दुःख दिने, व्यक्तिगत रिसिइबी र स्वार्थ पूरा नभएमा मात्रै उजुरी गर्ने गरेको पाइएको छ ।' उहाँले कतिपय अवस्थामा एउटा कार्यालयमा घुस लिइएको घटनामा सबैलाई दोषी करार गर्ने परिपाटीको अन्त्य गर्दै मुख्य योजनाकारलाई मात्रै कारवाही गर्ने गरी अख्तियार अगाडि बढेको बताउनुभयो । कार्यक्रममा बोल्ने सरोकारवालाले नीतिगत भ्रष्टाचार रोक्नुपर्ने बताएका थिए । कान्तिपुर दैनिकका पत्रकार प्रकाश बरालले भन्नुभयो, '६० प्रतिशत रकम घटाएका ठेकेदारलाई ठेक्का लगाएको भवनको गुणस्तर भएर जीर्ण बन्छ तर हामीले किन धेरै फालेकालाई नै काम दिन्छौं, अनी कसरी हुन्छ गुणस्तर, त्यसैले नीतिगत भ्रष्टाचार रोक्न आवश्यक छ ।' यस्तै विद्यामन्दिर माध्यमिक विद्यालयका प्रधानाध्यापक शान्तामणि ढकालले आफ्नै विद्यालयका शिक्षकले समयको दुरुपयोग गरेर धेरै रकम कमाएको सुनाउनुभयो । 'हाम्रो विद्यालयमा पनि पढाउनुहुन्छ, अतिरिक्त सेवाका लागि लबिङ गर्नुहुन्छ, धौलागिरि क्याम्पसमा प्राध्यापकसमेत हुनुहुन्छ, अन्यत्र निजी विद्यालयमा समेत पढाइराख्नुहुन्छ', ढकालले भन्नुभयो, 'शिक्षकले गुणस्तरीय विद्यार्थी उत्पादन गर्नुको सट्टा राजनैतिक आडमा जे मन लाग्छ त्यही गर्नु भ्रष्टाचार होइन ?' विद्यामन्दिरमा आफू आउनुअघि अनावश्यक र नियमविपरीतका बैंक तथा सहकारीमा खाता खोल्ने, विद्यालयको रकम व्यक्तिका खातामा पुगे गरेकोले त्यसलाई निरुत्साहित गरेको उहाँको भनाइ छ । यस्तै शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख कुम्भराज उपाध्यायले कानूनमा शिक्षण अनुमतिपत्र नभई शिक्षक राख्न नपाइने भन्ने व्यवस्था रहेको तर कतिपय विद्यालयमा एक वर्षदेखि अनुमतिपत्र भएको शिक्षक नपाउँदा पढाइ ठप्प भएको भन्दै शिक्षक राखेकोसमेत बताउनुभयो । कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहसचिव राजेन्द्रकुमार केसी, प्रमुख जिल्ला अधिकारी रमेश ढकाल, जैमिनी नगरपालिकाका नगर प्रमुख इन्द्रराज शर्मा, बडिगाड गाउँपालिकाका अध्यक्ष मेहरसिंह पाइजा, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठ, विद्यामन्दिर माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल शाक्य, नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जब्बरबहादुर लामिछाने, ताराखोला गाउँपालिकाका स्वास्थ्य संयोजक उदित थापा र कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले जिज्ञासा राख्नुभएको थियो ।

# शितलादेवि माविमा चार कोठे भवन उद्घाटन

हुमा परियार/ सुस्मिता श्रेष्ठ
पोखरा, २८ पुस



शितलादेवी सामुदायिक माध्यमिक विद्यालय पोखरा-१२ मा नेपाल सरकार राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यन्वयन इकाइ कास्कीको आर्थिक एवम् प्राविधिक सहयोगमा निर्मित ४ कोठे भवनको हाले उद्घाटन भयो। सोही दिन शैक्षिक सत्र २०७६ को अक्षयकोष पुरस्कार वितरण गरियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टिका बहादुर कार्कीको अध्यक्षयता र पूर्व स्वास्थ्य,जनसंख्या, गृह मन्त्री एवम संघिय सांसद खगराज अधिकारीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । विद्यालयका प्रधानाध्यापक बाबुराम अधिकारीले स्वागत र योजना समितिका सदस्य प्रा. डा. कृष्ण के.सी. ल आफ्नो भनाइ राखेका थिए । विद्यालयमा स्थापित १४ वटा अक्षयकोष बाट करिब ४० विद्यार्थीहरुले पुरस्कार प्राप्त गरेका थिए भने सो कार्यक्रमको संचालन उक्त विद्यालयका शिक्षक बोध राज गौतमले गरेका थिए । (विद्यार्थी पत्रकार)

# व्यवसायीलाई तालिम

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

पोखराका लघु, घरेलु तथा साना व्यवसायीलाई लक्ष्य गरी लेखा व्यवस्थापन र लेबलिङ, प्याकेजिङ तथा बजारीकरणसम्बन्धी दुईदिने तालिम दिइएको छ ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आयोजना तथा पोखरा उद्योग वाणिज्य सङ्घ सहआयोजनामा गरिएको तालिममा लेखा व्यवस्थापनमा ५० जनाको सहभागिता थियो ।

# संस्कृति र धार्मिक विश्वासको प्रतिक गोरखाको मनकामना

–वासुदेव पौडेल
गण्डकी, २८ पुस

तनहुँको ढोरफिर्दीकी उमादेवी भट्टराई तेस्रो पटक हालै गोरखाको मनकामना मन्दिर पुग्नुभयो । सुरुमा आँबुखैरेनीबाट पैदल झण्डै चार घण्टा हिँडेर पुग्नुभएकी उहाँ अहिले जाँदा हिँड्न त परेन समय भने उस्तै लाग्यो ।

केबुलकार चढ्नका लागि दुई घण्टा भन्दा बढी लाइनमा बस्नुभएकी उहाँ मन्दिर परिसरमा पुगेपछि पनि दुई घण्टा भन्दा बढी लाइनमा बिताउनुपर्‍यो । विगतमा जस्तै अहिले पनि दर्शनार्थीको उस्तै भीडभाड देखिएको उहाँको अनुभव छ । मनको कामना पूरा गर्ने देवीका रूपमा प्राचीन कालदेखि पूजाआजा हुँदै आएको मनकामना मन्दिरमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने गरेका छन् ।

गोरखाको शहीद लखन गाउँपालिका–२ र ३ मा पर्ने मनकामना मन्दिर यस क्षेत्रको एउटा जीवन्त इतिहास पनि हो । नेपालकै एक महत्वपूर्ण धार्मिक तथा पर्यटकीय तीर्थस्थलका रूपमा ख्याती कमाएको यस मन्दिरमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वास रहेकै कारण परापूर्वकालदेखि मन्दिरको नाम नै मनकामना रहन गएको हो भन्ने जनविश्वास छ ।

विभिन्न मनोकांक्षासहित भाकल गरी शुभ साईत र तिथिमा यहाँ दर्शनार्थी आउने गरेको मनकामना क्षेत्र विकास समितिका अध्यक्ष रामकुमार जोशीले जानकारी दिनुभयो ।मनकामना उत्पत्ति सम्बन्धमा अनौंठो किंबदन्ती छ । किंबदन्ती अनुसार गोरखाका राजा राम शाहकी रानी महीमावती(लीलावती)ले देहत्याग गरेपछि मनकामना देवीका रूपमा कफेक डाँडामा शक्तिरुपाको रूपमा उत्पन्न भई लखन थापाले पूजा गरेको किम्बदन्ती पाइन्छ ।

मनकामना माता रहेकोस्थलमा हलो जोत्दा ढुङ्गा बीचबाट दूध र रगत निस्कियो । ढङ्गाबाट दूध जस्तो सेतो र रगत जस्तो रातो पदार्थ निस्कँदा गाउँलेहरू अचम्म मान्दै गाउँमा हल्ला भयो । त्यसै रातमा लखन थापालाई सपना भयो । म देवीका रूपमा शिला भई प्रकट भएकी छु । राम्रो विधिले पूजा गरे सबैको मनोकांक्षा पूरा गर्नेछु भन्ने आज्ञा भएपछि सिद्ध लखन थापाबाट आफ्नो ज्ञानबाट देवीको आह्वान गरी देवीलाई शान्त बनाइ त्यस स्थललाई गाउँलेको सहयोगमा चौघेरा लगाइ संरक्षण गर्नुभयो । त्यसपछि राज्यलाई जाहेर गरी देवलको रूपमा मन्दिर स्थापना गरी पूजाको सुरुआत गर्नुभयो । त्यसैले त्यहाँदेखि नै लखन थापाका सन्तानका रूपमा थापा मगरबाट मन्दिरको पूजा गरिँदै आइएको छ ।

मन्दिर आसपासमा १५ भन्दा बढी देवीदेवताका मन्दिर रहेका छन् । तीमध्येको एउटा हो वङ्केश्वरी मन्दिर । यो मन्दिर मनकामना मन्दिरको पूर्वपट्टी अवस्थित छ जहाँ वाक्य फुट्न नसकेका वा अपाङ्गता तथा अशक्त बालबालिकालाई दर्शन गराएमा उनीहरूको बोली फुट्ने र हातखुट्टा बलियो हुने जनविश्वास छ । मन्दिरमा नित्य पूजा बिहान ७ बजे र साँझ ६बजे गरिन्छ । भित्री पूजा सकेर पुजारीले मन्दिर परिक्रमा गरिसकेपछि मात्र सर्वसाधरणको लागि बलि र पूजा सुरु गर्ने प्रचलन छ । यस मन्दिरलाई हिन्दू र बौद्ध धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा लिइन्छ ।

यस स्थानको अवलोकनका लागि अन्य धमार्नवलम्बीका साथै विदेशी पर्यटक पनि पुग्ने गरेका छन् । देशका विभिन्न स्थानबाट आई घन्टौँसम्म लाइनमा उभिएर दर्शन गर्ने भएकोले पनि यसको गरिमा र महत्व अझै बढाएको छ । मन्दिरभित्रको गर्भगृहमा गणेश, भैरव, मनकामना, कुमारी, अष्टमातृका, चामुण्डा, क्षेत्रपाल(वेताल) को शिला रहेको छ । यस मन्दिरमा विशेषतः अष्टमीका दिनमा बलि चढाउने गरिएको समितिका अध्यक्ष जोशीले जानकारी दिनुभयो ।मन्दिरमा दर्शनका लागि पैदल मार्ग, सवारीसाधन वा केबुलकारको प्रयोग गर्न सकिन्छ । पदयात्रा गरी मन्दिर पुग्न चाहनेले पृथ्वीराजमार्गको आँबुखैरेनीहुँदै करिब तीन चार घण्टा हिँडेर मनकामनासम्म पुग्न सकिन्छ भने सवारीसाधनमार्फत करिब ४५ मिनेटमा मन्दिरमा पुग्न सकिन्छ । त्यस्तै पृथ्वी राजमार्गको चेरेसबाट केबुलकार चढी १५ मिनेटमा मनकामना मन्दिर पुग्न सकिन्छ । केबुलकार चढ्नका लागि सर्वसाधारणका लागि टिकट दस्तुत ६७५ रुपैयाँ निर्धारण गरिएको छ, भने विद्यार्थीका लागि ५४५ रुपैयाँ निर्धारण गरिएको छ । मनकामना केबुलकार दर्शन प्रालिका नायब महाप्रबन्धक उज्वल शेरचनका अनुसार केबुलकारबाट चाप हुँदाका दिनमा दैनिक चार हजार जनासम्म आवतजावत गर्ने गरेका छन् । नेपालकै पहिलो केबुलकारका रूपमा परिचित यसको कूल दूरी ३.०२ किलोमिटर छ । गोरखा जिल्लाको सदरमुकामबाट दक्षिणपूर्वी भागमा रहेको यो मन्दिर पोखरीथोक बजारदेखि १२ किलोमिटर दक्षिण, तनहुँको आँवुखैरेनीदेखि पाँच किलोमिटर पूर्व र चितवन मुग्लिनबाट २६ किलोमिटर उत्तरमा रहेको छ ।

समुद्री सतहदेखि एक हजार ३०३ मिटर उचाइमा रहेको यस मन्दिरको परिसरबाटबाट दक्षिणतर्फ महाभारत लेक र छिम्केश्वरी डाँडाका साथै उत्तरतर्फ अन्नपूर्ण, हिम्चुली र मनास्लु हिमालका थुम्का नाङ्गो आँखाले अवलोकन गर्न सकिन्छ । यो ठाउँ सूर्योदय र सूयास्तका लागि पनि आकर्षक गन्तव्य हो ।

मन्दिर परिसरमा रहेको विशाल चाँपको रुख यहाँको अर्को विशिष्टता हो । चार शताब्दी पुरानो यो रुखबाट कडा बास्ना आउने र यहाँको सुगन्ध लमजुङसम्म पनि पुग्ने स्थानीयवासी बताउछन् । हुरी, बतास आउदा धेरैपटक रुखका हाँगा भाँचिए पनि हालसम्म कुनै मानवीय तथा भौतिक नोक्सानी नभएका कारण यस रुखमा पनि देवीको बास भएको स्थानीयवासीको विश्वास छ । कोरोना महामारीका कारण लामो समयसम्म बन्द भएको मन्दिर गत भदौदेखि सर्वसाधारणका लागि खुल्ला गरिएको समितिका अध्यक्ष जोशीले जानकारी दिनुभयो । मन्दिरभित्र दर्शनार्थीले चढाउने भेटिघाटी पुजारीले नै उठाउने र बाहिर समितिलाई प्राप्त हुने दान सहयोग तथा दान पेटिकामा आउने सहयोग समितिले व्यवस्थापन गर्दै आएको उहाँले बताउनुभयो ।

पाँच सय भन्दा बढी रकम सहयोग गर्नेलाई समितिका तर्फबाट सहयोग रसिद उपलब्ध गराउने गरिएको कर्मचारी सन्तोष क्षेत्रीले जानकारी दिनुभयो । ऐतिहासिक मन्दिर १९९० सालको महा भूकम्पको धक्काको प्रभावसँगै समय समयमा जीर्ण हुँदै गएका अवस्थामा २०६६ सालमा मनकामना क्षेत्र विकास समितिले मन्दिरको अवस्था अध्ययन गर्न समिति गठन गरेको थियो । अध्ययनबाट मन्दिरका काठ जीर्ण भएको, भित्र गारोमा काँचो इँटाको प्रयोग भएको, अधिकांश चुकुल नट भाँचिएको भन्दै जीर्णेद्धार गर्नुपर्ने निष्कर्ष निकालेको थियो । जीणेद्धारका लागि २०६८ असोज ९ गते नरेन्द्रबाबु श्रेष्ठको संयोजकत्वमा मनकामना मन्दिर जीर्णेद्वार समिति गठन गरी २०६८ चैत २२ गते तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईबाट जीर्णेद्वार कार्य सुरु गरिएको थियो ।

२०७२ साल वैशाख १२ गतेको भूकम्पले अझ बढी क्षति भएकोमा पश्चिमतर्फ केही भाग भत्कन गई ढल्ने अवस्थामा पुगेपछि पुरातत्व, सुरक्षा निकाय, स्थानीयवासीको सहयोगमा तत्काल टेका दिइयो भने २०७२ जेठ २५ गते गजुर पूजा गरी मन्दिर खोल्ने काम सुरु गरियो । धार्मिक, सांस्कृतिक मान्यतालाई जीवन्त राख्न २०७१ फागुन १५ गते काठमाडौं झःबहालका बज्राचार्यबाट क्षमा पूजाको काम सम्पन्न भइसकेको अवस्थामा २०७२ असार २५ गते पुरातत्वका प्राविधिक, सुरक्षा निकाय र स्थानीयवासीको निगरानी तथा सहयोगमा मन्दिर भत्काउने काग गरिएको थियो ।

२०७२ साउन ६ गते गोरखाका प्रमुख जिल्ला अधिकारी उद्धबप्रसाद तिमल्सिनाबाट जग पूजा गरी शिलान्यास गरिएको मन्दिर सरकारको रु चार करोड तथा श्रद्धालु भक्तजनको सहयोगमा करिब १५ करोडको लागतमा पुनःनिर्माण गरिएको छ । मन्दिरको छानोमा करिब १८/१९ किलो सुनको जलप लगाइएको जानकारी दिँदै समितिका अध्यक्ष जोशीले जीर्णेद्वारले मन्दिरकोस्वरुप थप सुन्दर देखिएको बताउनुभयो ।

# ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा संक्रमण

– शरद् शर्मा
काठमाडौं, २८ पुस

कोरोना भाइरसको ओमिक्रोन भेरियन्ट यसअघिको डेल्टा भेरियन्टभन्दा बढी सङ्क्रामक रहेको बताइएको छ । ओमिक्रोन भेरियन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मक रूपमा फैलिने बताइएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले ओमिक्रोन भेरियन्टको अन्य भेरियन्ट जस्तै मानिसमा लक्षण हुने गरेको बताउनुभयो । “अहिले गरिरहेका अणुवांशिक अध्ययन (जीन सिक्वेन्सिङ)ले ओमिक्रोन भेरियन्ट बढ्दै गएको देखाएको छ, यो भेरियन्टमा अरु भेरियन्टका तुलनामा जटिलता कम भए पनि सङ्क्रामण गुणात्मक रूपमा धेरै हुने भएकाले जटिल हुने अनुपात बढेर जान्छ”, उहाँले भन्नुभयो ।

अन्य भेरियन्टको तुलनामा यो भेरियन्ट तीव्र दरमा फैलिने गरेको छ । मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा सङ्क्रमण हुने बताउनुभयो । “अन्य भेरियन्टले तल्लो श्वासप्रश्वास नली वा फोक्सोमा सङ्क्रमण हुने गर्दथ्यो”, उहाँले भन्नुभयो ।

ओमिक्रोनले पार्ने असरका बारेमा थप अध्ययन अनुसन्धान भइरहेको उहाँको भनाइ छ । पछिल्लो एक हप्तामा कोरोना सङ्क्रमण विश्वभर एक करोडमा पुष्टि भएको छ । यति धेरै सङ्क्रमण हुनुको कारण ओमिक्रोन भेरियन्ट नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रमण हुन सक्दछ । सङ्क्रमित भएकामध्ये खोप नलगाएकालाई धेरै गाह्रो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ । खोप नलगाएका व्यक्तिको ज्यान जाने पनि खतर ासमेत रहेको छ । जनस्वास्थ्यविद् डा सागरराज भण्डारीले ओमिक्रोन भेरियन्टले मानिसको घाँटीमा सङ्क्रमण गराउने बताउनुभयो ।

उहाँले घाँटी खसखस हुने, चिलाउने र श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखिने जानकारी दिनुभयो । यस्तै ओमिक्रोन भेरियन्टले मानिसमा बढी हाछिउँ आउने, हल्का ज्वरो आउने, धेरै रुघा लाग्ने जस्तो लक्षण पनि देखिने गर्दछ ।

**बच्ने उपाय**

यसबाट बच्नका लागि कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात भीडभाड नगर्ने, सेनिटाइजरको प्रयोग र हात साबुनपानीले पटक पटक धुनु पर्दछ । सही तरिकाले मास्कको प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ ।

यस्तै सङ्क्रमणबाट बच्नका लागि सरकारले १२ वर्षदेखि माथिका सबैलाई कोरोनाविरुद्धको खोप एक वर्षअघिदेखि नै लगाउन थालेको छ । अहिलेसम्म नेपालमा लक्षित जनसङ्ख्याको ७६.५ प्रतिशतले पहिलो मात्रा र ५६.९ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् । यस्तै कूल जनसङ्ख्याको ५०.२ प्रतिशतले पहिलो मात्रा र ३७.३ प्रतिशतले पूर्ण मात्राको खोप लगाएका छन् । सरकारले कोरोना भाइरसको सङ्क्रमण बढदै गएपछि आगामी माघ १५ गतेसम्म बन्द गर्नुका साथै २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी जस्ता कार्यक्रम बन्द गरेको छ ।

**सङ्क्रमण दरको प्रवृति बढ्दै**

सङ्क्रमण दरको प्रवृत्ति पनि वृद्धि भएको छ । यही पुस १९ गते २.६ प्रतिशतमा रहेको सङ्क्रमण दर पुस २७ गते १८.६ प्रतिशत पुगेको छ । यस्तै पुस २६ गते १२.७ प्रतिशत, पुस २५ गते ९.२ प्रतिशतमा मात्र सङ्क्रमण दर रहेको थियो ।

पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत, पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.५ प्रतिशत र पुस २४ गते ७.१ प्रतिशत कूल सङ्क्रमण दर रहेको थियो । पुस २७ गते १५ हजार ३३ जनाको परीक्षणमा दुई हजार ४४४ मा सङ्क्रमण देखिएको थियो । पुस २६ गते एक हजार ४४६ सङ्क्रमति र सात हजार ८५५ सक्रिय सङ्क्रमति तथा पुस २५ गते सङ्क्रमति एक हजार १६७ पुगेको र सक्रिय सङ्क्रमित छ हजार ७५५ देखिएका छन् ।

**ओमिक्रोन भेरियन्ट रोकथामको तयारी**

सरकारले पहिलेको अनुभवबाट पाठ सिकेर अहिले सम्भावित तेस्रो लहरको जोखिम हुन नदिन अस्पताललाई तयारी अवस्थामा राखेको छ । मन्त्रालयका प्रवक्ता डा मिश्राका अनुसार ओमिक्रोन भेरियन्टको सम्भावित जोखिम रोक्न अस्पताललाई आवश्यक पर्ने अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशन र स्वास्थ्यकर्मीलाई पनि तयारी अवस्थामा राखेको छ । उहाँका अनुसार आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ र एचडियु तीन हजार ८४६ रहेका छन् ।

यस्तै अक्सिजन सिलिण्डर १३ हजार ९३९ र अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन् । यसैगरी २५ अक्सिजन टयाङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेका छन् । उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ सघन उपचार कक्ष र २५४ भेन्टिलेटर रहेका छन् ।

मन्त्रालयले समुदायमा ओमिक्रोन भेरियन्ट पत्ता लगाउनका लागि बढीभन्दा बढी एन्टिजेन किटबाट नै परीक्षण बढाउनुका साथै निगरानी बढाएको उहाँको भनाइ छ । “पोजेटिभ सङ्क्रमण देखिएकामध्येबाट ओमिक्रोन पत्ता लगाउन अणु वांशिक अध्ययन (जीन सिक्वेन्सिङ) गरिरहेका छौँ”, मन्त्रालयका प्रवक्ता डा. मिश्राले भन्नुभयो ।

केही दिनअघि एक हजार १४६ पोजेटिभ नमूनाको एस–जिन स्क्रिनिङ गर्दा २५० नमूनामा एस–जिन नेगेटिभ देखिएकाका र ती नेगेटिभ देखिएकाको अणु वांशिक अध्ययन (जीन सिक्वेन्सिङ) २४ मा ओमिक्रोन भेरियन्ट पुष्टि भएको थियो । हालसम्म २७ ओमिक्रोन भेरियन्ट भएको पत्ता लागेको छ ।

“एस–जिन नेगेटिभ बढ्नु भनेको ओमिक्रोन भेरियन्ट बढ्नु हो”, उहाँले भन्नुभयो, “एस–जिन नेगेटिभ पत्ता लागेका सबै सङ्क्रमितको कन्याक्ट्र ट्रेसिङ गरिरहेका छौ ।” यस्तै सीमा नाकामा एक हजार क्षमताका नौ वटा होल्डिङ सेन्टरसमेत बनाउन थालिएको छ ।

# सुरु भयो खोले सागको व्यावसायिक खेती

– रामबहादुर थापा
बागलुङ, २८ पुस

गाउँघरका भान्छामा छिटपुट पाक्ने खोले साग हिजोआज बजारमा किनमेल हुनथालेको छ । खोला र पानीको मूलछेउछाउ पाइने सागलाई किसानले पछिल्लो सयम खेतमा नै उब्जाउन थालेका छन् ।

बागलुङ नगरपालिका–३ रातामाटाका छ किसान अहिले खोले सागका उत्पादनमा जुटेका छन् । झण्डै डेढ रोपनीमा साग लगाइएको बैकुण्ठ सापकोटाले जानकारीदिनुभयो । उहाँले भन्नुभयो “अहिले साग बेच्नलाई ठिक्क भएको छ । किसान बजार पठाउने सुरमा छन् ।” छिपछिपे खेत र मूल वरिपरि खोले साग पहिलेदेखि नै उम्रेपनि रातामाटावासीलाई उती वास्ता थिएन । कतिलाई त यो खाने साग हो भन्नेसमेत पत्तो पाउँथेनन् । अलिअलि गर्दै टिप्ने, खाने चलन बस्यो । त्यसको मिठोमसिनो स्वाद सबैले रुचाए । खोले सागले विस्तारै महत्व पायो ।

शहरछेउको बस्ती भएर पनि होला त्यहाँका लागि खोले साग नौलो थियो । “खेतका मूलमा अलिअलि हुन्थ्यो, पहिले त यत्तिकै खेर जान्थ्यो, खान हुन्छ भन्ने पनि थाहा थिएन, अहिले बजार पाउन थालेपछि व्यावसायिक खेती थालेका हौँ”, उहाँले भन्नुभयो । उहाँले पानीको मूल र खेतको सिममा उक्त साग फस्टाउने गरेको बताउनुभयो । “एकपटक निकालेपछि २०/२५ दिनमा फेरि तयार भइसक्छ, छिपछिपे पानी हुने ठाउँमा खोले साग बाह्रैमास हुन्छ”, उहाँले भन्नुभयो । सापकोटासँगै प्रेम केसी, सरोज पौडेल, मनोज शर्मा, देवेन्द्र किसानलगायत खोले सो सागका खेतीमा लागेका छन् ।

भर्खर खेती सुरु गरेका किसान व्यावसायिक रूपमा सफल हुनेमा ढुक्क छन् । प्रतिकिलो सागको रु. एक सय र आधा किलाको रु. ५० मूल्य राखेका छन् । ग्राहक आएमा खेत या घरबाटै साग उपलब्ध गराउँछन् । उत्पादन बढ्दै गएमा बजार पठाइने किसान सापकोटाले जानकारी दिनुभयो । सागको खेती गरेको थाहा पाएपछि बजारबाट माग आउन थालेको उहाँको भनाइ छ । बागलुङ बजार नजिकै भएकाले बेच्नलाई समस्या छैन । तरकारी पसलले पनि किसानबाट साग उठाउन सक्छन् । तरकारी तथा फलफूल व्यवसायी विजय आलेले अहिले कास्कीको लुम्ले र नयाँपुल क्षेत्रबाट खोल साग बागलुङ बजार आउने गरेको जानकारीदिनुभयो । जिल्लामा खोले सागको व्यावसायिक खेती खासै नभएकाले बाहिरबाट ल्याउनुपरेको उहाँले भनाइ छ । “केहीकेही ठाउँमा अहिले खेती हुन थालेको छ, किसानले व्यावसायिक उत्पादन बढाए बजारको समस्या हुँदैन”, उहाँले भन्नुभयो, “उपभोक्ताले खोले साग खोजीखोजी किन्छन्, सर्दीको गुण भएकाले जाडो याममा बढी खोजी हुन्छ ।” व्यवसायी आलेको अनुभवमा केही वर्षअघिसम्म खोले साग बजारको चल्तीमा थिएन । पछिमात्रै यसले व्यावसायिक प्रवेश पाएको हो । अहिले त रोज्जा सागमा खोले साग पर्न थालेको छ । फागुन–चैततिर यसको माग उच्च हुने गरेको छ । पसलले पनि एक मुठ्ठा सागलाई रु. सयमा बेच्ने गरेका छन् । किसानबाट केही कममा ल्याएर व्यावसायीले नाफा निकाल्छन् । शहरिया उपभोक्तामाझ पनि रोजाइमा परेको खोले साग खासमा के हो त ? कृषि ज्ञान केन्द्रका बागवानी अधिकृत कुमार पुन भन्नुभयो–“खोले साग, रायो, तोरीलगायतको परिवार एउटै हो, खोला र सिमसार क्षेत्रमा पाइने भएकाले खोले साग भनिएको हो ।” कतै खोले सागलाई ‘सिम साग’ पनि भनेर चिन्ने गरिएको उहाँको भनाइ छ । परम्परागत रूपमा टिप्ने, खाने चलन रहेपनि खोले सागको व्यावसायिक खेती पछि आएर मात्र भएको बागवानी अधिकृत पुनले बताउनुभयो । “बजार माग बढेपछि खोले सागको व्यावसायिक उत्पादन विस्तारै बढ्दो छ”, उहाँले भन्नुभयो, “खोला आसपास र सिमसिम पानी हुने खेतमा यसको खेती हुन्छ, धेरै लगानी र मेहनत पनि चाहिँदैन ।”

खोले साग विषादीरहित हुने भएकाले स्वादिष्ट र स्वास्थ्यबर्द्धक पनि हुने उहाँको भनाइ छ । खोले सागको सेवन कब्जियत, कुपोषण, आँखाको समस्या भएकालाई लाभदायक हुने ठानिन्छ । खोले सागमा रोगव्याधि लाग्ने खतरा पनि ज्यादै न्यून हुन्छ । कुनैताका पहिचान र महत्व नपाएर त्यसै नास भइरहेको खोले सागले बजार पाउँदा किसान खुसी छन् । खोले साग कमाइको स्रोत बनेको छ ।

# धवलागिरिका गर्भवती र सुत्केरीलाई घीउ र अण्डा

पोखरापत्र संवाददाता
म्याग्दी, २८ पुस

म्याग्दीको धवलागिरि गाउँपालिकाले गर्भवती, सुत्केरी र दुई वर्षसम्मका बालबालिकालाई पौष्टिक आहरा उपहार दिन थालेको छ । ‘सुनौला हजार दिनका आमासँग अध्यक्ष’ कार्यक्रममार्फत पालिकाभित्रका स्वास्थ्य संस्थामा तोकिएको समयमा गर्भपरीक्षण, बच्चाको तौल वृद्धी अनुगमन गर्ने र सुरक्षित प्रसूति हुनेलाई घीउ, अण्डालगायतका पौष्टिक आहरा उपहार दिन सुरुआत गरेको हो ।

गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक सम्झना कार्कीले मातृ शिशु स्वास्थ्यमा सुधार, सुरक्षित प्रसूति सेवामा पहुँच बढाउने र कुपोषण न्यूनीकरणका लागि पौष्टिक आहरा उपहार दिने कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । “स्वास्थ्य संस्थामा सुत्केरी भएका, चार, छ, आठ र नौ महिनामा गर्भजाँच गराउने आमा र १५ महिनाभित्र तोकिएका सबै मात्राको खोप लगाएका तथा १२ र २४ महिनामा तौलको वृद्धी अनुगमन गर्न आउनेलाई पोषिला खानेकुरा दिने गरिएको छ,” उहाँले भन्नुभयो “पालिकाभित्रका स्वास्थ्य संस्थाबाट सेवा लिने आमा र बच्चाले यो सुविधा पाउने कार्यविधि बनाएका छौ ।”

चार पटकको गर्भपरीक्षण र सुत्केरी भएपछि पाँच क्यारेट अण्डाको साथमा आधा लिटर घीउ र सुप बनाएर सुत्केरीले खाने ज्वानो उपहार दिने गरिएको छ । १५ महिनामा तोकिएको सबै मात्राको खाप लगाउने, १२ र २२ महिनामा वृद्धी अनुगमन गर्ने बच्चाले पनि एक/एक क्यारेट अण्डा पाउछन् ।

चालू आर्थिक वर्षमा रु छ लाख बजेट विनियोजन भएको यस कार्यक्रमबाट वडा नं ३ मुना, ५ मल्कवाङ र ६ मराङका २६ जना सुत्केरी, १६ जना गर्भवती र ३४ जना बालबालिकाले यो सुबिधा पाएका छन् । अन्य वडामा पनि स्वास्थ्य संस्थामार्फत यो सेवालाई निरन्तरता दिइएको छ । भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमापर्ने धवलागिरि गाउँपालिकाका अधिकांश महिला सुत्केरी हुन सदरमुकाम बेनी तथा जिल्ला बाहिरका अस्पतालमा जाने गर्छन् । केही अझै पनि भरमा असुरक्षित रूपमा सुत्केरी हुने गरेका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङमा गतवर्ष धवलागिरिका ३०० जना सुत्केरी भए पनि पालिकाभित्रैका संस्थामा सुरक्षित प्रसूति सेवा लिनेको सङ्ख्या १२९ जना थियो । धवलागिरिको सात वटै वडाका स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा उपलब्ध छ ।